नौ महिना बिहान १० बजे हाजिर भै अपरान्ह ५ बजे छुट्नेछ । उपरोक्त बिदा नतोकिएको दिनको सालभरिको प्रत्येक शुक्रबारको हकमा बिहान १० बजे हाजिर भै दिउँसो ३.०० बजे छुट्नेछ ।

१२. रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय तथा कार्यालयहरू जस्तै– अस्पताल, रोपवे, टेलिफोन, प्रहरी थाना चौकी, फायर बिग्रेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण विभाग, आकाशबाणी र हुलाक समेतमा माथि लेखिएबमोजिम बिदा पाउनेमा काम काज रोक्न नहुने उपरोक्त कार्यालयहरूका निम्ति सरकारी काम काज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिम रीत पुर्‍याएर बिदा बस्न पाइनेछ ।

द्रष्टव्य

आधा दिन भन्नाले मंसीर, पुस र माघ तीन महिनाका निमित्त दिनको १ बजे र बाँकी नौ महिनाका लागि दिनको १½ सम्म सम्झनु पर्दछ ।

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का.मु. सचिव

## भूलसुधार

खण्ड ४३, संख्या ४१ मिति २०५०।१०।१८ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ को क्रमसंख्या २ मा कारखाना निरीक्षक (रा.प.तृ.प्रा.) श्रम कार्यालयको कोशी अंचल हुनुपर्नेमा कारखाना निरीक्षक (रा.प.तृ.प्रा.) कार्यालय प्रमुख, श्रम कार्यालय कोशी अंचल हुनगएकोले भूलसुधार गरिएको छ ।

श्रम मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४९९

मुद्रण विभाग, सिंहदरबार

200

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।